जनहितमा जारी

अग्रपङ्क्तिमा काम गर्ने सफाइकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीलाई सहयोग गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण भएको, जोखिमपूर्ण अवस्थामा रहेको, बालअधिकारको उल्लङ्घन भएको छ भने बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ (दश नौ आठ) मा खबर गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ असोज १३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 September 29 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ४२

## टाटासुमो र बसले यात्री ठगेको गुनासो

प्रस, वीरगंज, १२ असोज/

असोज १ गतेदेखि सञ्चालनमा आएको सार्वजनिक यातायात अन्तर्गत वीरगंजबाट सञ्चालित बस, टाटासुमोका सञ्चालकहरूले यात्रीहरूलाई ठगिरहेका छन् ।



तस्वीरः फाइल

सरकारले तोकिएको भाडादरमा पचास प्रतिशत थपेर सिट सङ्ख्याको आधा मात्र यात्री ओसार्न अनुमति दिएकोमा अहिले दोब्बर–तेब्बर भाडा लिने र सिट सङ्ख्या अनुसार यात्री राख्ने गरिएको पाइएको छ । शुरूका दिनमा बस र टाटासुमोले सरकारले तोके अनुसारको सिटमा बढी भाडा लिएर यात्रीहरूलाई ठगेको थियो । असोज ५ गतेदेखि आन्तरिक उडान शुरू भएपछि विमानमा सिट अनुसारको यात्री राखिएको कारण बस र टाटासुमोले पनि सिट अनुसार यात्रुहरू राख्न शुरू गरेका छन् ।

वीरगंजबाट काठमाडौं सञ्चालन हुने टाटासुमोले चर्को भाडा लिने गरेको यात्रीहरूले गुनासो गरेका छन् । रु ५३० भाडा रहेकोमा सरकारले पचास प्रतिशत वृद्धि गरेर सिट सङ्ख्याको आधा यात्रु राखी सञ्चालनको अनुमति दिएको हो । सो अनुसार अहिले टाटासुमोको भाडा रु ८ सय हुनुपर्नेमा १५ सयदेखि २ हजार रुपैयाँसम्म लिने गरेको यात्रीहरूले गुनासो गरेका छन् ।

यसैगरी, बसले पनि तोकेकोभन्दा बढी भाडा लिने र सिट सङ्ख्या अनुसार यात्री ओसारिरहेको छ । विभिन्न स्थानमा प्रहरी, ट्राफिकले चेकजाँच गरे पनि उनीहरूलाई प्रभावित पारेर सेवा सञ्चालन भएको यात्रीहरूले गुनासो गरे । वीरगंजबाट काठमाडौं, पोखरा, नारायणगढ, जनकपुरसम्म सबैभन्दा बढी बससेवा सञ्चालनमा छ भने देशभरिका विभिन्न स्थानमा पनि यहाँबाट बससेवा सञ्चालन हुने गरेको छ ।

यात्रीहरूले चर्को भाडा र तोकिएको मापदण्ड पूरा नगरेकोमा स्थानीय प्रशासनलाई अनुगमन गरेर दण्डित गर्न आग्रह गरेका छन् ।

## पर्सागढीको दुईवटै एम्बुलेन्स ग्यारेजमा थन्कियो

प्रस, पर्सागढी, १२ असोज/

पर्सागढी नगरपालिकामा रहेको कोरोना सङ्क्रमण महामारीको बेला नगरपालिकाका दुईवटै एम्बुलेन्स


मरम्मतका लागि ग्यारेजमा राखिएको एम्बुलेन्स । तस्वीरः नरेश यादव

दुईवटा एम्बुलेन्स बिग्रिएर ग्यारेजमा थन्किएको छ ।

बिग्रिएका एम्बुलेन्स मरम्मतको लागि वीरगंजस्थित न्यू दुर्गा मोटर रिपेयरिङमा राखिएको छ तर नगरपालिकाको आदेश नभएको कारण अहिले मरम्मत सम्भार भएको छैन । शुरूमा एउटा एम्बुलेन्स बिग्रेर तीन दिनसम्म जनता सडकमा बेवारिस थियो । पत्रिकामा समाचार प्रकाशित भएपछि एम्बुलेन्सलाई ग्यारेजसम्म लगियो । तर मरम्मत गरिएन । अहिले दोस्रो एम्बुलेन्स पनि बिग्रेर सोही ग्यारेजमा राखिएको छ तर पनि मरम्मत सम्भार गरिएको छैन ।

ग्यारेजका सञ्चालक सञ्जय कुमारले नगरपालिकाबाट आदेश नभएकोले मरम्मतको काम अगाडि नबढेको बताए ।

कोरोना सङ्क्रमण महामारीको बेला नगरपालिकाका दुईवटै एम्बुलेन्स थन्किएको र सोको मरम्मत सम्भारमा नपाले चासो नदिंदा स्थानीयले आक्रोश व्यक्त गरेका छन् । उनीहरूले एम्बुलेन्स चाँडै मरम्मत सम्भार गरी सञ्चालनमा ल्याउन माग गरे ।

पर्सागढी नगरपालिकाले कोरोना सङ्क्रमितको लागि निश्शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ ।

## स्थानीयद्वारा जनता सडकको मरम्मत र सफाइ

प्रस, बिरुवागुठी, १२ असोज/

पर्सागढी नगरपालिका–३ सुन्दरटोलदेखि पारस पटेलचोकसम्मको जनता सडकको दायाँ/बायाँ उम्रिएका झारपात स्थानीयले सफाइ गरेका छन् ।


सडक सरसफाइ र मरम्मत गर्दै स्थानीयवासीहरू । तस्वीरः प्रतीक

वडासदस्य अरुणप्रकाश रेग्मीको अगुवाइमा स्थानीयवासीले सफाइ गरेका हुन् । सडकको दायाँ/बायाँ झारपात उम्रेर सवारी आवागमनमा कठिनाइ भएको र दुर्घटनाको सम्भावना भएको हुनाले झारपात सफाइ गरिएको वडासदस्य रेग्मीले बताए ।

यसैबीच, सोही सडकखण्डमा निर्मित कालोपत्र सडक बिग्रन थालेपछि स्थानीयले मरम्मत सम्भार गरेका छन् । पर्सागढी नगरपालिका–३ अन्तर्गतको जनता सडकको चार स्थानमा ठूल्ठूला खाल्डो भएपछि स्थानीय सुनील तिमल्सिना, उत्तम गुरुङले आर्थिक सहयोग गरेर जेसिबीबाट माटो पुर्न लगाएका हुन् ।

सम्बन्धित निकायले सडक मरम्मतमा ध्यान नदिएपछि युवकद्वयले रु १० हजार खर्च गरेर सडक मरम्मत गरेको सुनील तिमल्सिनाले बताए ।

## सामुदायिक सेवा केन्द्रको आयोजनामा रक्तदान

प्रस, वीरगंज, १२ असोज/

सामुदायिक सेवा केन्द्र मुर्ली,


रक्तदान कार्यक्रममा सहभागीहरू र रक्तदाता । तस्वीरः प्रतीक

श्रीपुरको आयोजनामा वीरगंज–११ त्रिमूर्ति टोलस्थित त्रिमूर्ति सिनेमाहलमा आयोजित रक्तदान कार्यक्रममा सातजना महिलासहित ३२ जनाले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी पर्साका कार्यालय प्रमुख उदयराज शर्माले बताए ।

रक्तदान कार्यक्रममा वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक दीपक साह, वडाध्यक्ष तुफान फारूक अन्सारी, सबिता कार्की, गीता चौहान, रञ्जना साह, शर्मिला पोखरेल, सीता ढुङ्गाना, इशा निरौला, रम्भादेवी तत्वा, प्रेम भण्डारी, नागेश्वर ठाकुर, पप्पु ढुङ्गानालगायतले रक्तदान गरेका थिए ।

यसैगरी, रूँगटा वेलफेयर सोसाइटीको आर्थिक सहयोगमा सामुदायिक सेवा केन्द्रमा जडित पिउने पानीको प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले उद्घाटन गरे । रूँगटा वेलफेयरले चिसो पिउने पानीको लागि मोटर, ट्याङ्कीसहित जडान गरेको सामुदायिक, मुर्लीका सचिव दिलीप प्रधानले बताए ।

## जिपी फाउन्डेशनद्वारा प्रजिअलाई ज्ञापन

प्रस, वीरगंज, १२ असोज/

गिरिजाप्रसाद कोइराला फाउन्डेशन पर्साले जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको छ ।


प्रजिअलाई ज्ञापनपत्र बुझाउँदै । तस्वीरः सौजन्य

फाउन्डेशनका सचिव धीरजप्रसाद गुप्ताले प्रमुख जिल्ला अधिकारी आसमान तामाङलाई पर्सा जिल्लाको स्वास्थ्य अवस्थामा सुधार गर्नुपर्ने मागसहितको ज्ञापनपत्र बुझाएका हुन् । कोरोना सङ्क्रमणको बेला उपचार नपाएर मानिसको मृत्यु भएको भन्दै त्यस्तो अवस्था सृजना हुन नदिन जिप्रका पर्साको ध्यानाकर्षण गराएको ज्ञापनपत्रमा उल्लेख छ ।

पर्सा जिल्लामा उपचार नपाएर अहिलेसम्म आठजनाको मृत्यु भएको ज्ञापनमा उल्लेख छ । सङ्क्रमितहरूलाई उपचार गराउन अस्पताल भौंतारिनुपर्ने अवस्था आएको भन्दै यस्तो अवस्था नआओस् भन्नेतर्फ पहल गर्न ज्ञापनमा अनुरोध गरिएको थियो । ज्ञापन बुझाउने कार्यक्रममा फाउन्डेशनका अध्यक्ष महमद सहाबुद्दीनलगायतको सहभागिता थियो ।

## छोटकरी

### सातजना सङ्क्रमित थपिए

प्रस, वीरगंज, १२ असोज/

पर्सा र बारामा थप सातजनामा सङ्क्रमण पुष्टि भएको छ । नारायणी अस्पतालको प्रयोगशालामा १९२ जनाको स्वाब नमूना परीक्षण गरिएकोमा सातजना सङ्क्रमित थपिएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बताए । सङ्क्रमित पुष्टि भएकोमा बाराका एकजना र पर्साको धोबिनी गाउँपालिकाका एकजना तथा वीरगंज मनपाका पाँचजना छन् । वीरगंज मनपा–८ र १२ का २/२ जना र एकजनाको वडा यकीन नभएको प्रशासकीय अधिकृत श्रीवास्तवले बताए ।

## पर्यटन दिवसको अवसरमा विभिन्न जिल्लामा कार्यक्रम

प्रस, वीरगंज, १२ असोज/

विश्व पर्यटन दिवसको अवसरमा भिजिट मधेस नेपालले तराई मधेसका जिल्लामा विभिन्न कार्यक्रम गरेको छ ।

कोरोनाको कारण थला परेको पर्यटन क्षेत्रको पुनर्जीवन र उत्थानमा टेवा पुऱ्याउने उद्देश्यले भिजिट मधेसले विभिन्न कार्यक्रम गरेको संयोजक ओमप्रकाश सर्राफले बताए । वीरगंजको भिस्वा डाँडामा आयोजित कार्यक्रमको नगरप्रमुख विजयकुमार सरावगीले उद्घाटन गरेका थिए ।

यसैगरी, भुटनदेवी मन्दिरमा सरसफाइ र वृक्षरोपण कार्यक्रम गरिएको थियो । भिजिट मधेसकै आयोजनामा प्रदेश २ का संयोजक नवीन सिंहको नेतृत्वमा रौतहटको राजदेवीमाई मन्दिरमा पनि सरसफाइ र वृक्षरोपण गरिएको थियो । यसैगरी, सर्लाही, महोत्तरी, धनुषा, सुनसरीमा पनि भिजिट


वीरगंजमा आयोजित कार्यक्रममा सहभागीहरू । तस्वीरः प्रतीक

मधेसको आयोजनामा कार्यक्रम गरिएको संयोजक सर्राफले बताए ।

### प्रतीक दैनिकको सूचना

prateekdaily.com अबदेखि eprateekdaily.com मा अद्यावधिक (अपडेट) भइरहेको हुनाले ताजा समाचार, विचार र ई–पेपरको लागि eprateekdaily.com भिजिट गर्नुहुन अनुरोध गर्दछौं । – *प्रतीक दैनिक*

सानो मानिस मौकामा काम लाग्छ। ठूलो मानिसले भने सानो कुरामा आफ्नो औकात देखाइदिन्छ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कस्तो नागरिक हक ?

**आजको युगमा कुनै पनि मुलुकले शासन व्यवस्थाका लागि लिखित संविधान जारी गरेको हुन्छ। संविधान वा नियम–कानूनको दस्तावेज लिखित गर्नुपर्ने कारण हो, सरकारहरू बेइमान हुन सक्छन्, नागरिकको सुख–सुविधाको हरण गर्न सक्छन्। अन्यथा प्राचीन समयमा राजतन्त्रहरूको अस्तित्व छँदा संविधान नभए पनि परम्परा अनुसार राज्य सञ्चालन हुन्थ्यो। चलिआएको परम्परा अनुसार राज्य व्यवस्थामा नागरिकलाई कुनै किसिमको दुःख, अभाव नहोस् भन्ने राज्य वा राजालाई चिन्ता रहन्थ्यो। परम्पराबाहेकको कुनै आपत्ति–समस्या आइलागे, राजाको तजबिजले फैसला हुन्थ्यो। यसै फैसलाको आधारमा कुनै राजा प्रजापालक छ कि निरङ्कुश छ भन्ने छुट्टिन्थ्यो। तर युग परिवर्तन हुँदै जाँदा राज्य व्यवस्थामा विकृति मौलाउँदै गयो, राजाहरूले सम्पूर्ण सुविधा र अवसर आफ्ना लागि र प्रजाको शोषण, उत्पीडन हुन थालेपछि धेरै ठाउँमा क्रान्ति भयो, राजाहरू बहिष्कृत भए, नागरिक शासन आरम्भ भयो। राजाहरू पनि गद्दीको सुरक्षाका लागि जनमुखी संविधान जारी गर्न थाले।**

**संविधानलाई राज्य र जनताबीचको अविश्वासको उपज पनि भन्न सकिन्छ। यो राज्य र जनताबीचको सम्झौता पनि हो। यस सम्झौतामा उल्लिखित बुँदाहरूको पालन सरकारका लागि अनिवार्य हुन्छ। तर पनि धेरै ठाउँमा राज्य वा सरकारले यस सम्झौता वा संविधानको उल्लङ्घन गरेको पाइन्छ। उल्लङ्घन स्वेच्छा वा बाध्यताले पनि हुन सक्छ। स्वेच्छाले उल्लङ्घन हुने खतरा रहेको विषय संविधानमा मौलिक हकका रूपमा समावेश गरिन्छ। नेपालको बहाल संविधानले यस्ता ४२ वटा मौलिक हक प्रतिपादन गरेको छ। जसमध्ये एक हो–स्वास्थ्य सुरक्षा। कसैको पनि, कुनै रोगका कारण उपचार नपाएर, मृत्यु हुनुहुँदैन। उपचार गर्दागर्दै ज्यान जानु संयोग हो। तर राज्य मातहतको स्वास्थ्य संस्था वा राज्यसँग अनुमति लिएर सञ्चालित अस्पतालहरूले कुनै रोगीको उपचार गर्दिनँ भन्न पाउँदैनन्। यस्तो हुनु स्वतः संविधानको अवमानना हो। संविधानको अवमानना हुनुको दोष सर्वप्रथम सरकारमाथि जान्छ। आजको युगमा सरकारको जनस्वास्थ्यमाथि विशेष दृष्टि रहने गर्दछ। नेपाल सरकारले पनि सोही नैतिकताका आधारमा निश्शुल्क अस्पताल सञ्चालन गर्दछ, असाध्य रोगका लागि रोगीको हैसियतले नभ्याएको ठाउँमा आर्थिक सहयोगसमेत गर्दछ।**

**तर नेपाल कस्तो देश हो, जहाँ एउटी गर्भवती महिलाको उपचार सरकारी अस्पतालले त गर्दैन–गर्दैन, निजी अस्पतालहरू पनि उपचार गर्न स्पष्ट इन्कार गर्दछन्। वीरगंजजस्तो प्रबुद्ध ठाउँमा अस्पतालले उपचार गरेन, राज्यको दायित्व ठानेर प्रथम गुहार गर्ने प्रहरीमा जाँदा उसले सुनेन। अनि कसरी भन्न सकिन्छ, यो राज्य हो, यहाँ सरकार छ। उपचारका लागि इन्कार गर्नुको एउटा मात्र कारण हो ती गर्भवती महिलामा कोरोना सङ्क्रमण देखिनु। सरकारले नै अहिले लकडाउन गरेर कोरोनाबाट कसैको ज्यान नजाओस् भनेर ठूलो उत्पात मचाएको होइन ? कोरोना रोकथामका लागि नै दशौं अर्ब रुपियाँ खर्च गरेको दम्भ फैलाएको होइन ? अनि त्यही सरकारी अस्पतालले उपचार गर्न इन्कार गर्ने, स्वास्थ्य उपचारका लागि खुलेका निजी अस्पताल के जनताको पैसा लुट्न मात्र खुलेका हुन् ? पीडाले छटपटिइरहेकी गर्भवती महिलाप्रति राज्य र यी अस्पताल सञ्चालकहरूको कुनै दायित्व छैन ? यो सरासर नेपालको संविधानको अवमानना हो।**

# लोकतान्त्रिक संविधानको खम्बा

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**हाम्रो संविधानले व्यवस्था गरेको सबै मौलिक हकहरूको व्यवस्था विदेशी संविधानमा पनि रहेकोले मौलिक हकको सन्दर्भमा हामी धनी देखिएपनि कार्यान्वयनमा पछाडि छौं। यसर्थ कार्यान्वयनको दृष्टिले लोकतन्त्रको खम्बा कमजोर हुँदै गएको छ, यसलाई बलियो बनाउन जरूरी छ।**

लोकतन्त्रले नै जनताको सर्वोच्चता र सार्वभौमसत्ता दिने भएकोले आधुनिक युगमा प्रायः मुलुक लोकतान्त्रिक व्यवस्थामा रूपान्तर भएका छन् भने अधिकांश प्रयासरत छन्। अबको अवस्थामा तानाशाही सहन गर्ने मानिसमा मनोविज्ञान नभएको हुँदा तानाशाह र यसको उत्पत्तिको केन्द्र सामन्तवादको अन्त हुँदै गएको छ। कुनै पनि रूपमा जनताबाहेकको शक्तिको अन्त हुँदैछ। यही भएर अधिकांश मुलुकबाट राजतन्त्र र कम्युनिज्म समाप्त हुँदैछ। कम्युनिज्ममा विश्वास गर्नेहरू पनि बहुदलीय प्रजातन्त्रको शर्त–नागरिकको मौलिक हकको संरक्षण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, बहुमतको आधारमा शासन व्यवस्था तथा आवधिक निर्वाचनजस्ता कुराको अभ्यास गर्न थालेका छन्।-संसदीय सर्वोच्चतालाई मान्यता दिएपनि संसद्ले संविधानविपरीत बनाएको कानून पुनरवलोकनको माध्यमले न्यायपालिकाले अमान्य गर्न सक्ने प्रावधान राखेका छन्। प्रजातान्त्रिक मुलुकमा विपक्षी दलको पनि भूमिका निकै महत्त्वपूर्ण हुन्छ।

सरकार र संसद् जतिसुकै शक्तिशाली भएपनि जनताको मौलिक हक खारेज गर्ने अधिकार दिइँदैन। यसर्थ मौलिक हकको संवैधानिक सुरक्षा लोकतान्त्रिक संविधानको एउटा महत्त्वपूर्ण खम्बा हो। नेपालको वर्तमान संविधानले धेरै मौलिक हकको व्यवस्था गरेको छ। सम्मानपूर्वक बाँच्न पाउने हक, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, निवारक नजरबन्दविरुद्ध हक, सूचनाको हक, स्वच्छ वातारणको हक, खाद्यान्न सम्बन्धी हक, रोजगारको हक, सामाजिक न्यायको हक, उपभोक्ता हकलगायत महत्त्वपूर्ण ३२ वटा हकको सूची धारा १६ देखि ४८ सम्म गरिएको छ। जुन पहिलेका संविधानहरूको तुलनामा धेरै भएकोले वर्तमान संविधान जनताको हक सुनिश्चित गर्न बढी सकारात्मक रहेको बुझ्नुपर्छ।

मौलिक हक नागरिकको आधारभूत र नभइ नहुने हक हो। जसलाई मानव अधिकारको हकको रूपमा पनि बुझिन्छ, जुन बेलायतको सन् १२१५ को म्याग्नाकार्टाबाट तथा सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रबाट पनि स्थापित भएको हक हो, जसलाई लगभग हरेक प्रजातान्त्रिक मुलुकले आफ्ना नागरिकलाई दिने गरेका छन्। मौलिक हक भनेको यस्तो हक हो जुन राज्यले स्वस्फूर्तरूपमा प्रदान गर्नुपर्छ। राज्यले प्रदान गरेन भने अदालतले असाधारण अधिकार क्षेत्र प्रयोग गरी सरकारको नाउँमा निर्देशात्मक आदेश समेत जारी गर्ने गर्दछ, जसको राज्यले बाध्य भएर पनि पूर्ति गर्नुपर्छ। अदालतको आदेशपछि सरकारले पूरा गरेन भने अदालतको अवहेलनाको सजायको भागी बन्ने अवस्था आउन सक्छ। यो प्रावधान पनि संविधानले गरेको छ। धारा १३३ मा असाधारण अधिकार क्षेत्रको प्रावधान छ भने धारा १२८ मा अदालतको आदेश–फैसला सबैले पालन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ।

धारा १४४ मा उच्च अदालतहरूलाई उपयुक्त एवं आवश्यक आदेश जारी गर्ने व्यवस्था गरिएको छ। अदालतको फैसला–आदेश पालन नगर्ने व्यक्तिलाई अदालतको आदेशको अवहेलनामा सजाय गर्ने व्यवस्था न्याय प्रशासन ऐन २०७३ को दफा १७ ले गरेको छ। जसबाट संविधानद्वारा प्रदान गरिएको मौलिक हकको व्यवस्थाबाट नेपाली नागरिक लाभान्वित हुने निश्चित होस्। यो प्रावधान सकारात्मक मात्र होइन लोकतान्त्रिक व्यवस्थाको संवैधानिक खम्बा हो। यो संविधानले हरेक निकायमा समावेशिताको हकलाई सुनिश्चित गरेको छ। उपरोक्त प्रावधानबाट नेपाली जनतालाई संविधानले अत्यधिक हक दिएको त देखिन्छ तर यसको कार्यान्वयन पक्ष फितलो छ।

अति महत्त्वपूर्ण संवैधानिक निकाय र न्यायपालिकामा समेत दलीय भागबण्डाको आधारमा भर्ना गर्ने कार्यले संविधानको मर्ममा प्रहार गरेको छ। जसले मौलिक हक एवं लोकतान्त्रिक संविधानको जगको सम्बन्धमा प्रश्नचिह्न खडा गरेको छ। लोकतन्त्रको जग बलियो बनाउने खम्बालाई व्यवहारतः बलियो बनाइएन भने परिवर्तनको अर्थ छैन। मौलिक हकको सम्बन्धमा सिद्धान्ततः जस्तो हुनुपर्ने हो त्यस्तो व्यवहारतः भेटिन्न। मौलिक हकको प्रावधान अन्तर्गत त्यस्तो विषय राख्नुहुँदैन, जुन पूरा गर्न सकिँदैन र जसलाई संशोधन गरेर हटाउने खतरा हुन्छ। मौलिक हक कार्यान्वयनको पूर्ण निश्चिन्तता हुनैपर्छ। संविधानका कतिपय मौलिक हकलाई सङ्घीय कानूनबमोजिम हुने लेखिएको छ। जुन मौलिक हकको सुरक्षा होइन, किनभने कानून निर्माताले उक्त विषयमा सकारात्मक कानून बनाएन भने संविधानको प्रावधान निरर्थक हुन जान्छ।

संविधान जारी भएको मितिले तीन वर्षभित्र मौलिक हक कार्यान्वयनसम्बन्धी कानुन बनाइसक्नुपर्ने प्रावधान छ। तर संविधान बनेको ५ वर्ष भयो आजसम्म सबै कानून बन्न सकेको छैन। एक त मौलिक हकलाई संसद्को क्षेत्राधिकारभित्र राख्नुहुँदैन, दोस्रो यसको कार्यान्वयनको लागि अविलम्ब कानूनहरू निर्माण हुन सक्नुपर्छ।

मौलिक हक यस्तो प्रजातान्त्रिक हक हो जसलाई कसैले अपहरण गर्न पाउँदैन। सर्वोच्च संसद्ले पनि मौलिक हक खारेज हुनेगरी संशोधन गर्न पाउँदैन। भारतमा सर्वोच्च अदालतले प्रतिपादन गरेको नजीरमा भनिएको छ–संविधान संशोधन गर्न पाइन्छ तर संसद्ले संविधान परिवर्तन गर्न सक्दैन। हाम्रो संविधानले गरेको संशोधनको प्रावधान हेर्दा धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौम सत्ताबाहेक कुनै पनि प्रावधान संसद्को दुईतिहाई बहुमतले संशोधन गर्न सकिने व्यवस्था छ। जसबाट मौलिक हक सुरक्षित रहन्छ भन्ने निश्चित देखिंदैन। कुनै समय अलोकतान्त्रिक राजनैतिक शक्तिको संसद्मा दुईतिहाई बहुमत भयो भने मौलिक हक पनि खारेज हुन सक्ने जोखिम छ।

मौलिक हकको पूर्ण सुरक्षाको लागि थोरै विषय भएपनि पूरा हुने खालको र असंशोधनीय राख्नुपर्छ। जस्तै रोजगारको हक भनेको हरेक नागरिकलाई राज्यले रोजगार दिनैपर्छ, रोजगार दिन सकेन भने बेरोजगारी भत्ता दिनुपर्छ। जुन नेपालको सन्दर्भमा सम्भव देखिन्न। अहिले कोरोना महामारीले त्रस्त भई विदेशबाट ज्यान जोगाउन स्वदेश आएका आफ्नै नागरिकलाई राज्यले रोजगार दिन नसक्दा ज्यानको जोखिम मोलेर पुनः विदेश फर्कनुपर्ने बाध्यता चार लाख जति नागरिकले भोगिसकेका छन् भने अझ धेरै जाने तयारीमा छन्। उनीहरूले स्वदेशमा रोजगार मागे तर कुनै तहको सरकारले दिन सकेन। यसबाट रोजगारको हक मौलिक हक भन्नुको कुनै औचित्य भेटिन्न। यसर्थ मौलिक हकको सुरक्षा एवं पूर्ण पालनाको लागि संविधान संशोधन अपरिहार्य छ।

मौलिक हकको उक्त संवैधानिक व्यवस्था कार्यान्वयन नहुन सक्नु चिन्ताजनक छ। केही महीना पहिले समाचार लेखेकै कारणले पत्रकारलाई पक्राउ गरिएको छ। अस्पतालहरू उपचार गर्न इन्कार गरे। सरकारले पनि उपचार गर्न नसक्ने विवशता देखायो। कोरोना सङ्क्रमण फिल्ट्रेशनका लागि उचित र व्यवस्थित क्वारेन्टिन तथा सङ्क्रमितका लागि आइसोलेशनको व्यवस्था हुन सकेन। जसबाट जनताको सूचनाको हकलगायत अनेकौं मौलिक हक कुण्ठित हुन पुग्यो। अभिव्यक्ति स्वतन्त्रतामा पनि सकारात्मक सोच रहेन छ। एउटा शहरमा एउटा चोरीको घटना भयो, चोर पक्रन नसकेपछि दश बजेपछि उक्त क्षेत्रमा आवतजावतमा नै रोक लगाउने सहमति राज्यकै उपस्थितिमा भयो।

संविधानले पीडितको हकको सुरक्षा गरेको छ तर कतिपय बलात्कार र हत्याको घटनामा अपराधीको पत्ता पनि लगाउन सकिएको छैन। जाहेरी दर्ता गराउन जाँदा सहजरूपले जाहेरी दर्ता हुँदैन। यस्ता घटनाक्रमबाट संविधानले प्रदान गरेको मौलिक हक कार्यान्वयनमा राज्य सजग छ मान्न सकिन्न। 'पहिले सुन अनि थुन'को अन्तर्राष्ट्रिय अवधारणा राज्यले स्थापित गरिसकेको छ। फौजदारी अपराधमा मेलमिलाप हुन सक्दैन तर कतिपय अपराध घटेपछि पक्ष–विपक्षलाई बसाई पञ्चायती गरेर समाधान गराइन्छ। यसबाट आक्रामकको मनोविज्ञान बढ्दै जाने र नागरिकको शान्ति सुरक्षा खतरामा पर्ने निश्चित छ। संविधानको मौलिक हकमा पीडितको हक भनेर पनि व्यवस्था गरिएको छ। अमेरिकाको संविधानले उचित कानूनी प्रक्रियाबेगर कसैको पनि जीवन र स्वतन्त्रता अपहरण नगरिने व्यवस्था गरेको छ भने भारतीय संविधानले स्थापित कार्यविधिबेगर व्यक्तिको जीवन र वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन भनी स्वच्छ सुनुवाइको सन्दर्भमा बोलेको छ। अभिव्यक्ति र प्रेस स्वतन्त्रता सङ्कुचित पार्नेगरी कानून बनाउन अमेरिकी संविधानले बन्देज गरेको छ भने प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने भारतीय संविधानले प्रावधान राखेको छ। हाम्रो संविधानले व्यवस्था गरेको सबै मौलिक हकहरूको व्यवस्था विदेशी संविधानमा पनि रहेकोले मौलिक हकको सन्दर्भमा हामी धनी देखिएपनि कार्यान्वयनमा पछाडि छौं। यसर्थ कार्यान्वयनको दृष्टिले लोकतन्त्रको खम्बा कमजोर हुँदै गएको छ, यसलाई बलियो बनाउन जरूरी छ।

# प्रदेश लोकसेवालाई चिकित्सक र इन्जीनियर भर्ना गर्न स्वीकृति प्रदान

प्रस, जनकपुरधाम, १२ असोज/

प्रदेश २ सरकारले कर्मचारी भर्ना गर्न प्रदेश लोकसेवा आयोगलाई स्वीकृति दिएको छ।

सोमवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले कर्मचारी भर्नाको स्वीकृति दिएको हो। प्रदेश निजामती सेवा ऐन हाल पारित भएको छैन। सो ऐन पारित नभएसम्मका लागि सङ्घीय ऐनको व्यवस्थालाई अवलम्बन गरेर कर्मचारी भर्ना गर्न सरकारले प्रदेश लोक सेवा आयोगलाई स्वीकृति दिएको हो। हाल प्राविधिक कर्मचारी मात्रै भर्ना गर्ने स्वीकृति दिएको प्रदेश सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले बताए।

स्वास्थ्य र इन्जीनियरिङ सेवामा सातौं तहसम्मका लागि भर्ना लिन स्वीकृति दिइएको मन्त्री यादवले सञ्चारकर्मीहरूलाई जानकारी गराएका गराए।

कोरोना महामारीको बेला प्रदेशमा चिकित्सकको अभाव र विकास निर्माणका लागि इन्जीनियर भर्ना गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै दुवै खाले पदमा स्थायी नियुक्तिको प्रक्रिया शुरू गरेको प्रदेश सरकारले जनाएको छ।

मन्त्रिपरिषद्को बैठकले लोक सेवा आयोगको सचिवमा आन्तरिक मामिला मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवलाई जिम्मेवारी दिएको छ।

# सङ्क्रमित गर्भवती अस्पताल भर्ना

प्रस, वीरगंज, १२ असोज/

वीरगंज–२४ रामगढवाकी २६ वर्षीया सङ्क्रमित गर्भवतीलाई सोमवार बिहान अस्पताल भर्ना गरिएको छ।

प्रमुख जिल्ला अधिकारी आसमान तामाङको निर्देशनमा नारायणी अस्पतालमा भर्ना गरी उपचार भइरहेको छ। नेशनल मेडिकल कलेज वीरगंजको अस्थायी कोभिड अस्पतालले भर्ना लिन नमानेपछि उनलाई एक दिन घरमैं अक्सिजन लगाएर होम आइसोलेशनमा राखिएको थियो।

नौ महीनाको गर्भ भएको सङ्क्रमित महिलालाई कुनै अस्पतालले भर्ना गर्न नलिंदा घरमैं छटपटाइरहेको खबर सञ्चारमाध्यममा आएपछि आज अस्पताल भर्ना गरिएको हो। गर्भवती महिलाको अवस्था अहिले सामान्य छ।

# भीमफेदी–कुलेखानी सडकखण्ड खुला

मकवानपुर, १२ असोज/रासस

अविरल वर्षाका कारण केही दिन अघि गएको पहिराका कारण अवरुद्ध बनेको भीमफेदी–कुलेखानी सडकखण्ड आज बिहानदेखि खुलेको छ। उक्त सडकखण्डको भीमफेदी गाउँपालिका–६ र इन्द्रसरोवर गाउँपालिका–२ का विभिन्न स्थानमा गएको पहिरो पन्छाई आज बिहान ८:०० बजेदेखि हेटौंडाबाट कुलेखानी–फाखेल हुँदै काठमाडौं जाने बाटो खुलेको इलाका प्रहरी कार्यालयका प्रनि सुरेन्द्र श्रेष्ठले जानकारी दिए। उनका अनुसार बाटो खुलेसँगै काठमाडौंबाट हेटौंडा आउने र हेटौंडाबाट फाखेल हुँदै काठमाडौं जाने सवारीसाधन सञ्चालनमा आएको छ। त्यस्तै हेटौंडाबाट सिस्नेरी हुँदै काठमाडौं जाने सिस्नेरीको बाटो भने पहिराका कारण अझै अवरुद्ध रहेको इप्रका भीमफेदीले जनाएको छ। उक्त बाटो आज बेलुकासम्म पहिरो हटाएर सञ्चालनमा ल्याउने तयारी भइरहेको प्रनि श्रेष्ठले जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## काराबाख क्षेत्रमा भीषण गोलाबारी, कम्तीमा ३९ जनाको मृत्यु

बाकु, १२ असोज/एएफपी

आर्मेनियाका पृथकतावादीहरूले नागोर्नी काराबाख क्षेत्रमा सोमवार भएको सङ्घर्षमा आफ्ना अरू १५ जना लडाकू मारिएको जनाएका छन् ।

आर्मेनियाबाट अलगिगएको घोषणा गरेका काराबाख क्षेत्रका पृथकतावादीतर्फ छिमेकी अजरबैजानी सेनाले गरेको कारबाहीमा हालसम्म ३९ जनाको ज्यान गइसकेको छ ।

विश्वका नेताहरूले अजरबैजान र आर्मेनियाली विद्रोहीहरूबीच जारी लडाइँ रोक्न आग्रह गरेका छन् । यो सङ्घर्ष तत्कालै नरोकिए त्यसले क्षेत्रीय शान्तिमैं असर पार्ने अनुमान गरिएको छ । यहाँ मध्यस्थता गराउन रूस र टर्कीले विशेष भूमिका खेल्न सक्ने बताइएको छ ।

पूर्व सोभियत आर्मेनिया र अजरबैजानबीच सन् १९९० को दशकको शुरूदेखि नै आर्मेनिया–समर्थित पृथकतावादीसँग नागोर्नी काराबाखको विषयलाई लिएर सङ्घर्ष हुँदै आएको छ । यस वर्षको शुरूमा र सन् २०१६ मा पनि लडाइँ भएको थियो ।

रक्षा मन्त्रालयले काराबाखमा सोमवार ३२ जना सैनिकको ज्यान गएको जनाएको छ । गोलाबारीमा परेर आर्मेनियाली क्षेत्रतर्फ सातजनाको एउटा परिवारका सबै सदस्यको मृत्यु भएको बताइएको छ ।

आर्मेनियाली रक्षा मन्त्रालयले पहिलो रात र सोमवार बिहान भारी लडाइँ जारी रहेको जनाएको छ । अजरबैजानी सेनाले आइतवार अखडा जमाएको क्षेत्रलाई पुनः फिर्ता लिएको मन्त्रालयले दाबी गरेको छ ।

तर अजरबैजानले लडाइँमा आफू अझ अघि बढेको जनाएको छ ।

रक्षा मन्त्रालयले भनेको छ– "अजरबैजानी सेनाले रकेट–आर्टिलरी र लडाकू विमान प्रयोग गरेर आर्मेनियाली क्षेत्रमा हमला गरिरहेको छ र टालेश गाउँको वरिपरिका धेरै रणनीतिक क्षेत्रलाई नियन्त्रणमा लिएको छ ।"

–सैनिक कानून

आर्मेनियाली सैनिक अधिकारीहरूले अजरबैजान सेनाले भारी तोपको प्रयोग गरेर विद्रोहीका ठेगानाहरूमा आक्रमण गरिरहेको जनाएका छन्, जबकि अजरबैजानको रक्षा मन्त्रालयले टार्टर शहरमा पृथकतावादी विद्रोहीहरूले सर्वसाधारणमाथि आक्रमण गरिरहेको आरोप लगाएको छ ।

अजरबैजानले ५५० जना पृथकतावादी लडाकू मारिएको दाबी गरेको छ, तर आर्मेनियाले उक्त दाबीको खण्डन गरेको छ ।

आइतवारदेखि लडाइँ शुरू हुनुमा दुवै पक्षले एक अर्कामाथि दोष देखाएका छन् ।

मुस्लिमबहुल अजरबैजान र इसाई–बहुल आर्मेनियाबीचको लडाइँले रूस र टर्कीबीच मतभेद निम्त्याउने सम्भावना पनि छ । आर्मेनियासँग रूसको सैन्य गठबन्धन रहँदै आएको छ भने मुस्लिमबहुल अजरबैजानलाई टर्कीले समर्थन गरेको छ ।

आर्मेनियाले हिंसात्मक द्वन्द्व बढाउन टर्कीले भूमिका खेलिरहेको र सैन्य सल्लाहकार पठाएको आरोप लगाएको छ । फ्रान्स, जर्मनी, इटली, संयुक्तराज्य अमेरिका, युरोपियन युनियन र रूसले दुवै पक्षलाई युद्धविरामका लागि आग्रह गरेका छन् ।

आर्मेनिया र काराबाखले आइतवार सैनिक कानून र सैनिक परिचालन घोषणा गरेका छन् भने अजरबैजानले ठूला शहरहरूमा सैन्य शासन र कर्फ्यू लगाइएको घोषणा गरेको छ ।

आर्मेनियाका जातीय अल्पसङ्ख्यक पृथकतावादी समूहले सन् १९९० को दशकको शुरूमा अजरबैजानबाट नागोर्नी काराबाख क्षेत्रलाई स्वतन्त्र बनाएका थिए । यस क्रममा करीब ३० हजारको ज्यानसमेत गएको थियो ।

दुवै पक्षबीच सन् १९९४ मा युद्धविराम भएको थियो । फ्रान्स, रूस र संयुक्तराज्य अमेरिकाले 'मिन्स्क समूह' बैठकबाट स्थायी शान्तिका लागि मध्यस्थता प्रयास गरेका थिए तर शान्ति सम्झौतामा सन् २०१० मा धक्का लाग्यो । नागोर्नी काराबाख क्षेत्रमा अजरबैजान र आर्मेनियाले आआफ्नो वर्चस्व कायम राख्न प्रयास गरिरहेका छन् । रासस

## मेक्सिकोको एउटा रेस्टुरामा अन्धाधुन्ध गोली प्रहार, ११ जनाको हत्या

ग्वानजुतो, मेक्सिको, १२ असोज/सिन्ह्वा

मेक्सिकोको मध्य क्षेत्रीय प्रान्त ग्वानजुतोको एउटा रेस्टुरामा आइतवार बिहान भएको हिंसामा परी ११ जनाको ज्यान गएको छ । प्राप्त पछिल्लो समाचार अनुसार हतियारधारीहरूले आइतवार बिहानीपख रेस्टुरामा रहेका पाहुना र कर्मचारीमाथि गोली चलाएका थिए ।

मोटरसाइकलमा अकस्मात् ठूलो सङ्ख्यामा आएका ती बन्दूकधारीहरूले गोली हानेर ती व्यक्तिको हत्या गरेका यहाँका स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । उनीहरूले रेस्टुराभित्र छिरेर गरेको अन्धाधुन्ध गोली प्रहारमा परेर त्यहाँका पाहुना र कर्मचारीको ज्यान गएको बताइएको छ ।

त्यस हिंसामा परेर सातजना पुरुष र चारजना महिला मारिएका छन् । अरू केही कर्मचारी घाइते पनि भएका समाचारमा जनाइएको छ । ग्वान्जु शहरमा खासगरी कृषि पेशामा कार्यरत व्यक्तिको बसोवास रहेको छ । सो शहरमा विगत लामो समयदेखि हिंसा हुदै आएको छ ।

यहाँ यस्तै आक्रमणमा परी बर्सेनि सयौं नागरिकको ज्यान जाने गरेको बताइन्छ । रासस

## वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

प्रदेश नं. २, नेपाल

### प्राविधिक सहायक करारमा पदपूर्ति गर्नेसम्बन्धी सूचना

***(प्रथमपटक प्रकाशित मिति : २०७७/०६/१३ गते मङ्गलवार)***

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७६/०७७ च.नं./PMEP/23 मिति २०७७/०४/१२ गतेको पत्रानुसार यस महानगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | पद नाम | तह | सङ्ख्या |
| --- | --- | --- | --- | --- |
| १. | ०२/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता**:

(क) सिभिल इन्जिनीयरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः–

- कम्तीमा ३ महीने तालीम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धसम्बन्धी सीपसहित कम्तीमा ६ महीनाको अनुभव भएको

(ग) उमेरः– कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः– वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः– २०७७/०६/२७

४. आवेदनको दस्तुर रु. ४००/–

५. छनोटको किसिमः– प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरूः– आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातका प्रतिलिपिहरू

- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- दुई प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः– वीरगंज महानगरपालिका प्राविधिक सहायक पदपूर्तिसम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः– वीरगंज महानगरपालिकामा प्राविधिक सहायक पदपूर्तिसम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदन फाराम र प्राविधिक सहायक पदका लागि पाठ्यक्रमलगायत अन्य जानकारी यस कार्यालयको वेबसाइट www.birgunjmun.gov.np बाट उपलब्ध हुनेछ ।

# चुरे पहाड र तराई क्षेत्रको भविष्य

वन जङ्गललगायत प्राकृतिक स्रोत तथा सम्पदालाई बेलैमा संरक्षण गर्न नसके केही दशकमैं यसको अभाव सिर्जना हुने सङ्केत देखिएको छ ।

स्वतन्त्र विचार



जीतलाल श्रेष्ठ

**जबजब मुलुकमा राजनीतिक अस्थिरता हुन्छ, तब जङ्गल क्षेत्रमा फडानी हुने गरेको छ । माओवादी सशस्त्र युद्धकाल, मधेस आन्दोलन, २०३६ को जनमत सङ्ग्रह र २०४६ को महान् जनान्दोलनको क्रममा पटकपटक वनको अतिक्रमण तथा विनाश भयो ।**

बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषालगायत तराईका अधिकांश जिल्लाहरूको उत्तरी भेगमा वन क्षेत्र छ । महाभारत पर्वतपछि आउने चुरे पर्वत शृङ्खला तराईको शिर अर्थात् उत्तरतर्फ अवस्थित छ । यो विश्वको कान्छो पहाड पनि हो । यसको संरक्षणविना तराईको उर्वर भूमि र यहाँको जनजीविकाको कल्पना गर्न नसकिने जलाधार विज्ञ एवं जानकार मोहन वाग्लेको भनाइ छ ।

पछिल्लो दशकदेखि चुरे पहाड भएर बग्ने खोला नदीहरूबाट अत्यधिक मात्रामा नदीजन्य पर्दाथको उत्खनन, दोहन हुन थालेको छ । यही क्रम जारी रहेमा चुरे पहाडको अस्तित्व नै सङ्कटमा पर्ने देखिन्छ । चुरे नासिनुभन्दा पहिले नै यसको प्रभावले तराई–मधेस क्षेत्र मरूभूमि बन्ने निश्चित छ ।

क्रसर उद्योगका नाउँमा चुरेको ढुङ्गा, गिट्टी, बालुवा बेचेर धनी बन्ने होडबाजी अहिले पनि उत्तिकै चलिरहेको छ । वर्षायाममा खोलामा पस्न निषेध गरिएपनि खोलाबाट ढुङ्गा चोर्ने क्रम जारी छ । बाराको निजगढ नगरपालिकाको चुरे भएर बग्ने लालबकैया खोला र धन्सार खोलाबाट चोरी सङ्कलन गरिएका १३ हजार ८१४.४५ घनमिटर ढुङ्गा जफत गरेको छ । सो ढुङ्गा वर्षायाममा चुरे क्षयीकरण भई खोलाले बगाएर ल्याएको हो । सो अलावा त्योभन्दा कैयौं गुना धेरै परिमाणमा तस्कर गिरोहले अवैध ढङ्गबाट सङ्कलन गरी बिक्री गर्ने गरेका छन् ।

स्थानीय तहको निर्वाचनपछि कानूनी उपाय खोज्दै खोलालाई राजस्वको स्रोत बनाउन जथाभावी ठेक्का टेन्डर लगाउने र नदीजन्य पदार्थ उत्खनन, दोहन गराउने होडबाजी तीव्ररूपमा चुलिएको छ । जुन तराईका लागि हितकर हुने देखिंदैन । वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, वातावरणीय परीक्षण प्रतिवेदनलाई वास्ता नगरी ठेक्का लगाउँदै उत्खनन गर्ने दिने हो भने फाइदाभन्दा बढी बेफाइदा निम्तिने राष्ट्रपति चुरे तराई–मधेस विकास एकाइ चितवनका प्रमुख रामहरि पन्तले बताए । यसको सही उपयोग नगरी राजस्व प्राप्त गर्ने उद्देश्य मात्र राख्नुहुन्न ।

प्राकृतिक स्रोत साधनको उचित उपयोग नै आजको समस्या समाधन र आवश्यकता हो भने भावी पुस्ताका लागि पनि यसको उत्तिकै महत्त्व छ ।

चुरेको गेग्रान, माटो, बालुवा, ढुङ्गा बर्सेनि क्षयीकरण हुने क्रम बढेसँगै तत्कालीन राष्ट्रपति रामवरण यादवको चासो र चिन्तामा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरू भएको थियो । हालसम्म पनि यसले निरन्तरता पाइरहेको छ । यस कार्यक्रमको मर्म तथा भावना अनुसार अगाडि बढ्नु जरूरी छ ।



निजगढको बकैया खोलामा ढुङ्गा उत्खनन गर्दै स्थानीय । तस्वीरः जीतलाल

जहाँ चुरे छ, त्यहाँ र त्यस क्षेत्रको आसपास बाक्लो घना वन क्षेत्र छ । उत्तरी भेगको तुलनामा दक्षिणी भेगका मानिसले दाउरा, घाँस, सोत्तरलगायत वन पैदावर सहजरूपमा उपभोग गर्न पाइरहेका छैनन् । पछिल्लो केही वर्षदेखि विभिन्न बहानामा वन, चुरे र आसपासमा ढुङ्गा, गिट्टी, बालुवा जथाभावी उत्खनन र विनाश भइरहेको कारण उत्तरी क्षेत्र आफै सङ्कटमा पर्दैछ ।

जबजब मुलुकमा राजनीतिक अस्थिरता हुन्छ, तब जङ्गल क्षेत्रमा फडानी हुने गरेको छ । माओवादी सशस्त्र युद्धकाल, मधेस आन्दोलन, २०३६ को जनमत सङ्ग्रह र २०४६ को महान् जनान्दोलनको क्रममा पटकपटक वनको अतिक्रमण तथा विनाश भयो । फेरि पनि राज्य पक्ष, सम्बन्धित निकाय मौन रहेको कारण विनाशले तीव्र रूप लिएको हो ।

बाराको उत्तरी भेग अमलेखगंज, रतनपुरी, निजगढ, भरतगंजसिगौल, कोल्हवी, सपही, ककडी, डुमरवाना लगायत एक दर्जनभन्दा बढी गाँउबस्तीका मानिस वनसम्म पैदलै हिंडेर दैनिक दाउरा, घाँस, सोत्तर सहज उपभोग गर्छन् । फर्निचरमा प्रयोग हुन सक्ने, राज्यलाई राजस्व आउन सक्ने काठ, हरियो ठाडो रूखसमेत मासेर दाउरा बनाउने गरेका प्रशस्तै उदाहरण दिनहुँ भेटिन्छन् ।

दक्षिणी भेगका बासिन्दा खेतबारीको आली, गरामा लगाइएका रूखका हाँगा, झिक्रा, गुइँठा बालेर दाउरा अभावको सामना गरिरहेका छन् । अहिले खाना पकाउन ग्याँसको प्रयोग गर्ने क्रम बढे पनि गरीब, विपन्न र निम्न आय आर्जन हुनेहरूको अवस्था कम पीडादायक छैन । दक्षिणी भेगका केही पेशेवर दाउरा तस्करहरूको समूहले पनि त्यसैगरी राम्रो प्रयोगमा आउने काठहरूलाई दाउरा बनाउँदै ईंटाभट्टा वा अन्य शहर, बजारमा बिक्री गर्ने गरेका भेटिन्छन् । साझेदारी तथा सामुदायिक वन व्यवस्थापन समिति समूहहरूले आफ्ना उपभोक्ताहरूलाई काठ, दाउरा दिएर मात्र बिक्री गर्नुपर्ने हो । यो व्यवहारमा उतारेको पाइँदैन । नीति नियम अनुसार उपभोक्ताहरूलाई सहज र सहुलियतरूपमा वन पैदावार लगायत अन्य सुविधा सम्बन्धित निकायले उपलब्ध गर्नु–गराउनुपर्ने हो ।

यसको सदुपयोग गर्ने–गराउने पहिलो दायित्व तराईवासीकै काँधमा छ । त्यसैले पनि उत्तर–दक्षिण वा पूर्व–पश्चिम जिल्लाको जुन कुनामा प्राकृतिक स्रोत सम्पदा, सार्वजनिक जग्गा, मठ मन्दिर, ताल तलैया विद्यालय, सरकारी कार्यालय संरक्षण गर्न–गराउन सम्पूर्ण नागरिक समाज जुट्नुपर्ने आजको अपरिहार्य आवश्यकता बनेको छ ।

## व्यापारीको अवस्था अझै अज्ञात

प्रस, महोत्तरी, १२ असोज/

विगत पाँच दिनदेखि बेपत्ता रहेका महोत्तरीका व्यापारीको अवस्था अझै अज्ञात छ ।

जलेश्वर नगरपालिका वडा नं ५ बस्ने ब्रह्मदेव साहका छोरा २४ वर्षीय राजु साह बितेको बुधवार रातिदेखि बेपत्ता छन् । खोजतलाश भइरहेको तर सोमवारसम्म पत्ता नलागेको महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताएका छन् ।

जिल्लाकै मटिहानी नगरपालिका वडा नं ८ मा कपडापसल सञ्चालन गर्दै आएका राजु पसल बन्द गरेर मोटरसाइकलमा घर फर्किने क्रममा सोही नगरपालिकाको वडा नं ६ र जलेश्वर नगरपालिका वडा नं ५ को बीचमा पर्ने वनको बाटोबाट बेपत्ता भएका हुन् । उनको मोटरसाइकल चाबीसहित सडकमा नै फेला परेको थियो । सोही स्थानमा दुवै खुट्टाको चप्पल फित्ता चुँडेको अवस्थामा र उनले लगाएको टिसर्ट पनि च्यातिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

घटनास्थलको प्रकृति र बरामद सामान हेर्दा राजुलाई कसैले अपहरण गरी लगेको हुन सक्ने प्रहरीको अनुमान छ । नेपाल–भारत सीमानजीकै घटना भएकोले आपराधिक गिरोहले भारततर्फ लगेको हुन सक्ने सो क्षेत्रका बासिन्दाहरूको आशङ्का छ । नेपालतर्फ सो आसपासका क्षेत्रमा २४ घण्टाभित्रै गहन खोजतलाश गर्दा पनि कुनै सुराक फेला नपरेपछि सीमावर्ती भारतीय सुरक्षा अधिकारीहरूसँग समन्वय गरेर खोजतलाश भइरहेको प्रनाउ विष्टले बताएका छन् ।

### आजको राशिफल

| | |
| --- | --- |
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – राज्यलाभ | कर्कट – वादविवाद |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुपराजय |
| तुला – सुमाचार | वृश्चिक – भयचिन्ता |
| धनु – राज्यलाभ | मकर – अतिथिआगमन |
| कुम्भ – सुयशः | मीन – व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## नहरले बगाएर मृत्यु

प्रस, सर्लाही, १२ असोज/

आइतवारदेखि बेपत्ता एकजनाको सोमवार बिहान बागमती सिंचाइ आयोजनाको नहरमा शव फेला परेको छ ।

बागमती नगरपालिका वडा नं ८ गाजली चोक निवासी ५२ वर्षीय सुरेश वाईवाको बागमती सिंचाइ मानपुर शाखा नहरमा शव फेला परेको हो । उनी आइतवारदेखि बेपत्ता थिए । नहरमा शव फेला परेपछि स्थानीय बासिन्दाले प्रहरीमा खबर गरेका थिए ।

आइतवार ठूलो पानी परेको र नहरमा ठूलो पानी छाडिएकोले सोही बेला वाईवालाई बगाएको हुन सक्ने प्रहरीको अनुमान छ । गाउँलेहरूका अनुसार वाईवा प्रायः मदिरासेवन गरेर नहरको बाटो हिंड्ने गर्थे ।

# नदीजन्य पदार्थ सङ्कलनमा रोक लगाएपछि सडक अवरुद्ध

प्रस, निजगढ, १२ असोज/

वर्षाको समय अन्तिम भइसकेपछि पनि नदीजन्य पदार्थ उत्खननमा रोक व्यवसायीहरूलाई निर्देशन जारी गरेपछि निजगढ–८ सुकुमबासी टोलका बासिन्दा र टयाक्टरधनीहरूले आइतवार गर्दै आएका सुकुमबासी टोलका बासिन्दालाई अहिले बिहान र बेलुकी छाक टार्न समस्या भएको छ। त्यसैगरी, ऋण



बकैया डचामको बाटो अवरोध गर्दै स्थानीय सुकुमबासी र टयाक्टरधनी। तस्वीरः जीतलाल श्रेष्ठ

लागि नै रहेको भन्दै नदीजन्य पदार्थ उत्खनन खुलाउन स्थानीयले माग गरेका छन्। नदीमा आश्रित परिवारलाई बिहान र बेलुकी छाक टार्नसमेत समस्या भएको उनीहरूको भनाइ छ।

अवैधरूपमा सङ्कलन, उत्खनन गरिएका नदीजन्य पदार्थ ग्रेभल, ढुङ्गा, बालुवा कुनै पनि हालतमा खरीद नगर्न निजगढ नगरपालिकाले स्थानीय क्रसर बिहानदेखि नदी खुलाउन माग गरेका थिए। उनीहरूले दबाबका लागि विरोध कार्यक्रम पनि शुरू गरेका छन्।

आफूहरूलाई खोलामा जान नदिएसम्म ठेकेदारले ठेक्काद्वारा खरीद गरेको नदीजन्य पदार्थ पनि क्रसर उद्योग वा अन्यत्र ढुवानी गर्न नदिने भन्दै उनीहरूले सडक अवरुद्ध गरेका हुन्।

गिट्टी, बालुवा चालेर जीविकोपार्जन काढेर टयाक्टर खरीद गरेका टयाक्टर साहुहरूले नदीजन्य पदार्थ ढुवानी गर्न नपाएपछि बैंकको किस्ता तिर्न नसकेको दुःखेसो पोखेका छन्।

नगरपालिकाले नदीमा आश्रितलाई खोलामा पस्न नदिएको, तर ठेकेदारलाई भने गिट्टी, बालुवा बोक्न दिने गरेको भन्दै सुकुमबासी टोलका बासिन्दाले आक्रोश व्यक्त गरेका छन्। जबसम्म आश्रित स्थानीयहरूको माग पूरा गरिँदैन, तबसम्म सडक अवरुद्ध जारी राख्ने ठूलोकान्छा कुशवारले बताए। उनी अढाई दशकदेखि बकैया खोलामा गिट्टी, बालुवा चालेर जीविकोपार्जन गर्दै आइरहेका छन्। त्यहाँ उनी जस्तै आश्रित धेरै छन्। "दशैं, तिहार नजिकिंदो छ। हामीलाई निजगढ नगरपालिकाले खोलामा जान रोक लगाएको छ। लकडाउन र वर्षाको समयमा ऋणमा चामल, दाल किनेर जसोतसो गुजरा चलायौं। अब कसरी खाने ?" कुशवारले गुनासो गरे। आन्दोलनकारी खोला आश्रितहरूले स्थानीय क्रसर उद्योगसमेत बन्द गराएका छन्।

निजगढ नपाले ठेक्कामार्फत् उत्खनन गराइ ठेक्काभन्दा बढी निस्किएको नदीजन्य पदार्थलाई पुनः ठेक्का लगाइ क्रसर उद्योग र नगरबाहिरसमेत बिक्री गर्दै आइरहेको छ।

# निजगढ नेशनल हस्पिटलको उद्घाटन

प्रस, निजगढ, १२ असोज/

निजगढ नगरपालिकामा दक्ष चिकित्सकसहितको निजी लगानीमा निजगढ नेशनल हस्पिटल सञ्चालनमा आएको छ। निजगढ नपाका प्रमुख सुरेशकुमार खनालले सोमवार सो अस्पतालको उद्घाटन गरेका थिए। यस अस्पतालले निजगढका साथै छिमेकी जिल्लाका सेवाग्राहीहरूको समेत मन जित्ने गरी काम गर्न आग्रह गरे। सर्वसुलभ मूल्यमा गुणस्तरीय सेवा दिनु नै नगरपालिकाको चाहना भएको बताउँदै नगरप्रमुख खनालले अस्पतालबाट निस्किने फोहोरमैलाको उचित स्थानमा उचित विधिबाट विसर्जन गर्न सुझाव दिए।

त्यसैगरी, कार्यक्रममा निजगढकी उपप्रमुख लीलादेवी लामिछानेले नाफामुखीभन्दा पनि सेवामुखी भएर सेवा दिनुपर्ने बताइन्। निजी क्षेत्रको लगानीलाई सुरक्षाको प्रत्याभूति दिन नगरपालिका तयार रहेको बताउँदै गुनासोरहित ढङ्गबाट अस्पताल सञ्चालन गर्न उनले सुझाव दिइन्।

अस्पताल १५ शय्याबाट शुरू गरिएको सो अस्पतालका सञ्चालक डा पप्पु जायसवालले बताए।

कार्यक्रममा स्थानीय राजनीतिक दल, समाजसेवी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायतको उपस्थिति थियो।

# उखु उत्पादक सङ्घ रौतहटद्वारा चक्काजाम

प्रस, रौतहट, १२ असोज/

उखु उत्पादक सङ्घ रौतहटद्वारा गौर–चन्द्रनिगाहपुर सडकखण्डमा चक्काजाम गरिएको छ।

उखु उत्पादक सङ्घ तथा श्रीराम सुगर मिल्सका मजदूरहरूको माग पूरा गराउन चक्काजाम गरिएको हो। उखु उत्पादन गर्ने किसानको बक्यौता २५ करोड तथा मिल्सका मजदूरको बक्यौता २० करोड रुपैयाँ अविलम्ब भुक्तानीको माग गर्दै चक्काजाम गरिएको उखु उत्पादक सङ्घका उपाध्यक्ष प्रमोदप्रसाद यादवले बताए। किसान तथा मजदूरको बक्यौता रहुन्जेलसम्म मिल सञ्चालनमा ल्याउनसमेत माग गरेका छन्।

मिल बन्द गरेका कारण किसान तथा मजदूर झन् समस्यामा परेको उपाध्यक्ष यादवले बताए। गौर–चन्द्रनिगाहपुर सडकखण्डको बीच गरुडा श्रीराम सुगर मिल्सको मूलगेटअगाडि सयौं मजदूर तथा सङ्घका पदाधिकारीहरू चक्काजाम गरेका कारण यात्रीवाहक बससेवा सञ्चालन भएको छैन।


## स्वास्थ्य नै ठूलो धन हो।

**कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, सङ्क्रमितहरूको उच्च मनोबल राख्न हौसला प्रदान गरौं।**

- कोभिड–१९ सङ्क्रमित बिरामीहरूलाई अपहेलना नगरौं।
- बिरामीहरूको दैनिकीमा ध्यान दिऔं, उनीहरूसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।
- कोभिड–१९ सङ्क्रमितहरूको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरूको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# सुनचाँदी व्यवसायीमा विवाद, प्रदेश अध्यक्षमा शिव सर्राफ

प्रस, वीरगंज, १२ असोज/

सुनचाँदी व्यवसायी महासङ्घ प्रदेश २ को निर्वाचन प्रक्रियामा जालझेल भएको उम्मेदवार रामजी साहले आरोप लगाएका छन्।

नेपाल पत्रकार महासङ्घको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष पदका दावेदार साहले महासङ्घको विधानविपरीत वीरगंजमा निर्वाचन सम्पन्न गरेको आरोप लगाए। महासङ्घले देशभरि असोज १२ गते प्रदेशको राजधानीमा निर्वाचन गर्ने कार्यतालिका बनाएकोमा जिल्ला अध्यक्ष नीरज सर्राफको मिलेमतोमा केन्द्रीय उपाध्यक्ष शिव सर्राफले वीरगंजमा निर्वाचन प्रक्रिया सम्पन्न गरेको आरोप लगाए। केन्द्रीय उपाध्यक्षसमेत रहेका रामजी साहले आज भएको निर्वाचन प्रक्रिया गलत भएको र खारेजीको माग गरेका थिए। आफूसँग ६० प्रतिशत मतदाता रहेको तर शिव सर्राफले



तस्वीरः प्रतीक

नियमविपरीत गठन प्रक्रिया अगाडि बढाएको आरोप लगाए।

आज सम्पन्न निर्वाचनमा निर्वाचन अधिकृत अधिवक्ता विनय सिंहका अनुसार शिव सर्राफ प्रदेशको अध्यक्ष निर्विरोध चयन भएको जानकारी गराए। विपक्षीले उच्च अदालतमा निषेधाज्ञा गराउन नसकेको र आफूले सार्वजनिक गरेको कार्यतालिका अनुसार एकल उम्मेदवार सर्राफ भएपछि निर्विरोध घोषणा गरेको निर्वाचन अधिकृत सिंहले बताए। आज गठित महासङ्घको उपसभापति प्रवेशकुमार सर्राफ, वसन्तकुमार साह, सचिव विनोदकुमार भण्डारी, सहसचिव अमित गुप्ता, कोषाध्यक्ष कमलेश साह र सहकोषाध्यक्षमा भगवान साहलगायत सदस्यहरू रहेका छन्।

# पर्साका स्वास्थ्यकर्मीको कोरोना सङ्क्रमणले मृत्यु

राधेश्याम पटेल, वीरगंज, १२ असोज/

पर्सामा कार्यरत एकजना स्वास्थ्यकर्मीको कोरोना सङ्क्रमणको अवस्थामा उपचारको क्रममा मृत्यु भएको छ।

काठमाडौंको करुणा अस्पतालमा सोमवार बिहान उनको मृत्यु भएको हो। मृत्यु हुने महोत्तरी घर भई हाल पर्साको जगरनाथपुर गाउँपालिकाको स्वास्थ्य सहसंयोजक रामशिकिलप्रसाद साह हुन्। ५८ वर्षीय साह सिनियर अहेब छैटौं तहमा कार्यरत थिए।

एक साताअघि रुघाखोकी र ज्वरो आएपछि उनी बिदा लिएर महोत्तरी घर गएका थिए। त्यसपछि कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएपछि उनले जनकपुर प्रादेशिक प्रयोगशालामा परीक्षण गराउँदा पिसिआर रिपोर्ट पोजेटिभ आएपछि थप उपचारको लागि काठमाडौं गएका थिए।

विगत केही दिनदेखि उनको स्वास्थ्य अवस्था बिग्रिँदै गएपछि भेन्टिलेटरमा राखेर उपचार भइरहेकोमा आज अचानक मृत्यु भएको हो। साहको मृत्युको खबरले जगरनाथपुर गापाका स्वास्थ्यकर्मीसँगै पर्साका स्वास्थ्यकर्मी दुःखित भएका छन्। पर्सामा कार्यरत स्वास्थ्यकर्मीको यो मृत्यु पहिलो भएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले जानकारी गराए। उनले साहको उपचारको लागि प्रदेश सरकार र स्वास्थ्य मन्त्रालयबाट सबै प्रकारका सहयोग गर्दा पनि बचाउन नसकिएको बताए।



स्व. रामशिकिलप्रसाद साह

# सिम्रौनगढमा शङ्खेकीराको प्रकोप

प्रस, सिम्रौनगढ, १२ असोज/

सिम्रौनगढमा शङ्खेकीराले दुःख दिन थालेको छ। सिम्रौनगढ बजार, अमृतगंज, जानकीनगर, कर्चोवा, देवापुर टेंटालगायतका ठाउँमा शङ्खेकीराले दुःख दिइरहेको स्थानीयले बताएका छन्।

घर, करेसाबारी, आँगन, शौचालय, भान्साघरमा शङ्खेकीराले दुःख दिने गरेको स्थानीयले बताएका छन्। २० देखि २५० ग्रामको सुँडे शङ्खेकीराले दुःख दिइरहेको हो। वर्षाको कारण



खेतनजीक घर भएकाहरूलाई यो कीराले दुःख दिने गरेको छ। सिम्रौनगढमा यो कीरा पहिलोचोटि देखिएको स्थानीयको भनाइ छ।

# दुर्घटनामा तीनजनाको मृत्यु




तस्वीरः प्रतीक

प्रस, निजगढ, १२ असोज/

पूर्व–पश्चिम राजमार्गको बारा, पथलैया, दुधौरा पुलनजीकै बसको ठक्करबाट स्कूटीमा सवार तीनजनाको घटनास्थलमैं मृत्यु भएको छ।

मृत्यु हुनेमा निजगढ नगरपालिका–१० लालका २६ वर्षीय तीर्थमान स्याङ्ताङ, २५ वर्षीया ज्योति स्याङ्ताङ र १० महीनाको छोरा आहान स्याङ्ताङ रहेको प्रदेश २ ट्राफिक प्रहरी कार्यालय, पथलैयाले जनाएको छ।

पथलैयाबाट निजगढतर्फ आउँदै गरेको प्रदेश२–०३००४ प ४४४२ नम्बरको स्कूटीलाई विपरीत दिशातर्फ जाँदै गरेको ना.४ख ७२४२ नम्बरको यात्रुवाहक बसले ठक्कर दिंदा दुर्घटना भएको हो। बसलाई प्रहरीले नियन्त्रणमा लिए पनि चालक फरार छ। फरार चालकको खोजी भइरहेको प्रदेश २ ट्राफिक प्रहरी कार्यालय, पथलैयाले जनाएको छ। उनीहरूको शव शल्यपरीक्षणको लागि कलैया अस्पताल लगिएको प्रहरीले जनाएको छ। दुर्घटना आइतवार साँझ ५ बजेतिर बजे भएको हो।









## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

